# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४७) काठमाडौं फागुन १९ गते २०५४ साल (अतिरिक्ताङ्क ६३


## भाग ३

श्री ५ को सरकार

शिक्षा मन्त्रालयको सूचना

### शिक्षा (छैठौं संशोधन) नियमावली, २०५४

शिक्षा नियमावली, २०४९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, शिक्षा ऐन, २०२८ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः-** (१) यी नियमहरूको नाम "शिक्षा (छैठौं संशोधन) नियमावली, २०५४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **शिक्षा नियमावली, २०४९ को नियम ११ मा संशोधन :** शिक्षा नियमावली, २०४९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ११ को, -

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(१) उपनियम (१) को खण्ड (च) झिकिएको छ ।

(२) उपनियम (१) को खण्ड (छ) मा रहेका "जिल्ला विकास समितिबाट" भन्ने शब्दहरूको सट्टा " जिल्ला शिक्षा समितिबाट" भन्ने शब्दहरू राखिएका छन् ।

(३) उपनियम (४) को सट्टा देहायको उपनियम (४) राखिएको छः-

"(४) जिल्लाभित्रका संसद सदस्यहरूलाई जिल्ला शिक्षा समितिको विशेष नीतिगत छलफल हुने बैठकमा आमन्त्रण गर्न सकिनेछ ।"

३. **मूल नियमावलीको नियम १४ मा संशोधनः** मूल नियमावलीको नियम १४ को उपनियम (१) को खण्ड (क) र (ख) को सट्टा देहायका खण्ड (क) र (ख) राखिएका छन् :-

"(क) पूर्व प्राथमिक र प्राथमिक विद्यालयकोः-

(१) विद्यालयको संस्थापक वा अभिभावकहरू मध्येबाट जिल्ला शिक्षा अधिकारीले मनोनीत गरेको व्यक्ति - अध्यक्ष

(२) अभिभावकहरू मध्येबाट सम्बन्धित निरीक्षकको सिफारिशमा कम्तीमा एकजना महिला पर्ने गरी जिल्ला शिक्षा अधिकारीबाट मनोनीत दुईजना - सदस्य

(३) अभिभावक तथा पिछडिएका वर्गका व्यक्तिहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको दुई जना - सदस्य

(४) विद्यालय रहेको गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडाको अध्यक्ष - सदस्य

(५) प्रधानाध्यापक - सदस्य-सचिव

(ख) निम्न माध्यमिक विद्यालय र माध्यमिक विद्यालयकोः-

(१) विद्यालयको संस्थापक, स्थानीय शिक्षा प्रेमी, समाजसेवी वा अभिभावकहरू मध्येबाट जिल्ला शिक्षा समितिबाट मनोनीत व्यक्ति - अध्यक्ष



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१४०२

(२) अभिभावकहरू मध्येबाट सम्बन्धित निरीक्षकले सिफारिस गरेका तीन जना व्यक्तिहरू मध्येबाट कम्तीमा एकजना महिला पर्ने गरी जिल्ला शिक्षा अधिकारीबाट मनोनीत दुईजना - सदस्य

(३) सम्बन्धित विद्यालय निरीक्षक - सदस्य

(४) सम्बन्धित वडा अध्यक्ष - सदस्य

(५) अभिभावक तथा पिछडिएको वर्गका व्यक्तिहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको एक जना - सदस्य

(६) सम्बन्धित विद्यालयको शिक्षक प्रतिनिधि एक जना - सदस्य

(७) समाज सेवी तथा बुद्धिजिवीहरू मध्येबाट जिल्ला शिक्षा समितिले मनोनीत गरेको एकजना - सदस्य

(८) प्रधानाध्यापक - सदस्य-सचिव"

४. **मूल नियमावलीको नियम १५ मा संशोधन:** मूल नियमावलीको नियम १५ को उपनियम (१) को खण्ड (य) पछि देहायका खण्ड (र) र (ल) थपिएका छन्:-

"(र) निरीक्षक तथा स्रोत केन्द्रबाट विद्यालय निरीक्षण भए नभएको सम्बन्धमा आफ्नो राय सहितको प्रतिवेदन जिल्ला शिक्षा कार्यालयमा पठाउने,

(ल) समय-समयमा विद्यालयका शिक्षक तथा कर्मचारीहरूको हाजिरी जाँचगरी सो सम्बन्धमा आफ्नो राय सहितको प्रतिवेदन आवश्यक कार्यवाहीको लागि जिल्ला शिक्षा कार्यालयमा पठाउने ।"

५. **मूल नियमावलीको नियम १७ मा संशोधन:** मूल नियमावलीको नियम १७ को उपनियम (१) मा रहेका " वा विशेष कारण परेको अवस्थामा मन्त्रालयले" भन्ने शब्दहरू झिकिएका छन् ।

६. **मूल नियमावलीको नियम २० मा संशोधन:** मूल नियमावलीको नियम २० को खण्ड (फ) पछि देहायका खण्ड (ब), (भ) र (म) थपिएका छन्:-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। १४०३

"(ब) एस्.एल्.सी. परीक्षामा रजिष्ट्रेशन फाराम भरेका विद्यार्थीहरूको नाम, थर, उमेर संशोधन गर्न आवश्यक देखिएमा संशोधन गर्ने,

(भ) निरीक्षकलाई विद्यालय निरीक्षणको लागि खटाउने,

(म) निरीक्षक तथा स्रोत केन्द्रले आफ्नो क्षेत्रको विद्यालयको निरीक्षण गरे नगरेको अनुगमन गर्ने र निरीक्षक वा स्रोत केन्द्रबाट प्राप्त प्रतिवेदनको आधारमा कारबाही गर्ने,"

७. <u>मूल नियमावलीको नियम २१ मा संशोधनः</u> मूल नियमावलीको नियम २१ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) आफूलाई तोकिएको निरीक्षण क्षेत्रका विद्यालयको प्रत्येक दुई महिनामा कम्तीमा एक पटक निरीक्षण तथा सुपरिवेक्षण गर्ने र त्यसरी निरीक्षण एवं सुपरिवेक्षण गर्ने क्रममा प्रधानाध्यापक र व्यवस्थापन समितिका कुनै एक सदस्यसँग अनिवार्य रूपमा छलफल गरी छलफल भएको कुरा र निरीक्षण एवं सुपरिवेक्षण सम्बन्धी व्यहोरा विद्यालयको निरीक्षण पुस्तिकामा जनाउने ।"

८. <u>मूल नियमावलीको नियम ३१ मा संशोधनः</u> मूल नियमावलीको नियम ३१ को उपनियम (२) को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छ :-

"(घ) प्रमुख, पाठ्यक्रम विकास केन्द्र, शिक्षा मन्त्रालय - सदस्य"

९. <u>मूल नियमावलीको नियम ५४ मा संशोधनः</u> मूल नियमावलीको नियम ५४ को उपनियम (२) मा रहेका "पदको शुरू" भन्ने शब्दहरूको सट्टा "पदमा निजले खाईपाई आएको" भन्ने शब्दहरू राखिएका छन् ।

१०. <u>मूल नियमावलीको नियम ५९ मा संशोधनः</u> मूल नियमावलीको नियम ५९ को,-

(१) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१४०४

"(२) विद्यालयमा कार्यरत स्थायी शिक्षकहरू मध्येबाट कुनै एक शिक्षकलाई जिल्ला शिक्षक छनौट समितिको सिफारिसमा जिल्ला शिक्षा अधिकारीले प्रधानाध्यापकको पदमा नियुक्ति गर्नेछ। यसरी नियुक्तिको लागि सिफारिस गर्दा विद्यालयमा निजले गरेको कामको अनुभव, न्यूनतम शैक्षिक योग्यता, सो भन्दा माथिल्लो उपाधि, तालिम र नेतृत्व दिने क्षमतालाई समेत प्राथमिकता दिनुपर्नेछ ।"

(२) उपनियम (३) पछि देहायको उपनियम (३क) थपिएको छः-

"(३क) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रधानाध्यापकको कार्य सन्तोषजनक नभएमा वा खराब आचरण भएको भनी जिल्ला शिक्षक छनौट समितिबाट सिफारिस भएमा निजलाई जिल्ला शिक्षा अधिकारीले प्रधानाध्यापक पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।"

११. <u>मूल नियमावलीको नियम ६० मा संशोधनः</u> मूल नियमावलीको नियम ६० को उपनियम (३) पछि देहायको उपनियम (४) थपिएको छ :-

(४) उपनियम (३) बमोजिम सरुवा गर्नु परेमा पनि श्री ५ को सरकारद्वारा घोषित दुर्गम क्षेत्रको हकमा न्यूनतम पाँच वर्ष र अन्य क्षेत्रको हकमा न्यूनतम सात वर्ष स्थायी शिक्षकको रूपमा एउटै जिल्लामा काम गरी सकेको नभई कुनै पनि शिक्षकलाई एक जिल्लाबाट अर्को जिल्लामा सरूवा गरिने छैन ।"

१२. <u>मूल नियमावलीको नियम ६३ मा संशोधनः</u> मूल नियमावलीको नियम ६३ को उपनियम (३) मा रहेका "अवस्थाका शिक्षकलाईं" भन्ने शब्दहरूको सट्टा "भनी श्री ५ को सरकारद्वारा गठित मेडिकल बोर्डले सिफारिस गरेका शिक्षकलाई" भन्ने शब्दहरू राखिएका छन् ।

१३. <u>मूल नियमावलीको नियम ६९ मा संशोधनः</u> मूल नियमावलीको नियम ६९ को प्रतिबंधात्मक वाक्यांशको खण्ड (३) को सट्टा देहायको खण्ड (३)



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। १४०५

राखिएको छ:-

"(३) बहालवाला शिक्षकको तलब बृद्धि हुँदा तलब स्केलको शुरू अंकमा जति रकम बृद्धि भएको छ सोही रकमको दुई तिहाईको दरले सम्बन्धित तहभित्रको श्रेणीका सेवा निवृत्त शिक्षकहरूको निवृत्तभरण रकम बृद्धि हुनेछ ।"

१४. **मूल नियमावलीमा नियम ७६ क. थप:** मूल नियमावलीको नियम ७६ पछि देहायको नियम ७६ क. थपिएको छ:-

"७६क. **शिक्षक किताबखाना:** (१) यस परिच्छेद बमोजिम प्रदान गरिने निवृत्तभरण, पारिवारिक निवृत्तभरण, शैक्षिक भत्ता, सन्ततिबृत्ति, उपदान आदिका सम्बन्धमा आवश्यक व्यवस्था गर्न मन्त्रालय अन्तर्गत एक शिक्षक किताबखाना रहनेछ ।

(२) शिक्षक किताबखानाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) सम्पूर्ण शिक्षकहरूको नोकरी अभिलेख अद्यावधिक राख्ने ।

(ख) शिक्षकहरूको निवृत्तभरण र उपदानको सम्बन्धमा आवश्यक व्यवस्था मिलाउने ।

(ग) शिक्षकहरूको निवृत्तभरण, उपदान, औषधी उपचार खर्च सम्बन्धी प्रयोजनको लागि वैयक्तिक विवरण तयार गर्ने सम्बन्धमा क्षेत्रीय शिक्षा निर्देशनालय र जिल्ला शिक्षा कार्यालयहरूबाट विवरण माग गर्ने ।

(घ) उमेरको कारणबाट अनिवार्य अवकाश पाउने शिक्षकलाई अवकाश पाउने मिति समेत खुलाई छ महिना अगावै जानकारी पठाउने ।

(ङ) शिक्षकहरूको वार्षिक तलबी विवरण पारित गर्ने, गराउने ।

(च) निवृत्तभरण कोषको संचालन गर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) निवृत्तभरण, उपदान लगायतका अन्य रकमको निकासा दिने ।

(ज) मन्त्रालयले समय-समयमा दिएका निर्देशनहरूको पालना गर्ने ।

(झ) निवृत्तभरण र उपदान सम्बन्धी अन्य आवश्यक काम कारबाही गर्ने ।

(३) शिक्षक किताबखानाको अन्य काम, कर्तव्य र अधिकार मन्त्रालयले तोके बमोजिम हुनेछ ।"

१५. <u>**मूल नियमावलीको नियम ७७ मा संशोधनः**</u> मूल नियमावलीको नियम ७७ को,-

(१) उपनियम (१) मा रहेका "केन्द्रीयस्तरमा" भन्ने शब्दहरूको सट्टा" शिक्षक किताबखाना अन्तर्गत रहने गरी एक" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपनियम (२) मा रहेका " केन्द्रीय व्यवस्था समितिबाट" भन्ने शब्दहरूको सट्टा "शिक्षक किताबखानाबाट" भन्ने शब्दहरू राखिएका छन् ।

१६. <u>**मूल नियमावलीको नियम ७८ मा संशोधनः**</u> मूल नियमावलीको नियम ७८ को,-

(१) उपनियम (२) मा रहेको "दुई" भन्ने शब्दको सट्टा "तीन" भन्ने शब्द राखिएको छ ।

(२) उपनियम (४) मा रहेका "मन्त्रालयको निवृत्तभरण सम्बन्धी काम गर्ने शाखामा" भन्ने शब्दहरूको सट्टा "शिक्षक किताबखानामा" भन्ने शब्दहरू राखिएका छन् ।

१७. <u>**मूल नियमावली नियम को ७९ मा संशोधनः**</u> मूल नियमावलकिो नियम ७९ को,-

(१) उपनियम (६) को सट्टा देहायको उपनियम (६) राखिएको छ :-

"(६) उपनियम (५) बमोजिम फारामहरू प्राप्त भएपछि क्षेत्रीय



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

1806

शिक्षा निर्देशकले आवश्यक जाँचबुझ एवं प्रमाणित समेत गरी एक प्रति आफ्नो कार्यालयमा राखी बाँकी एक प्रति फाराम शिक्षक किताबखानामा पठाउनु पर्नेछ ।"

(२) उपनियम (६) पछि देहायको उपनियम (६क) थपिएको छ :-

(६क) उपनियम (६) बमोजिमको फाराम प्राप्त हुन आएपछि शिक्षक किताबखानाले आफूसँग रहेको अभिलेखसँग भिडाई, जाँची अनुसूची-९ बमोजिको ढाँचामा उपनियम (१) बमोजिमको फाराम भए अवकाश प्राप्त शिक्षकको नाममा निवृत्तभरण अधिकारपत्र र उपनियम (२) बमोजिमको फाराम भए मृत शिक्षकको हकवालाको नाममा पारिवारिक निवृत्तभरण अधिकारपत्र प्रदान गर्न सम्बन्धित क्षेत्रीय शिक्षा निर्देशनालयमा पठाउनु पर्नेछ ।"

(३) उपनियम (७) मा रहेका "उपनियम (६) बमोजिम" भन्ने शब्दहरूको सट्टा "उपनियम (६क) बमोजिम" भन्ने शब्दहरू राखिएका छन् ।

१८. **मूल नियमावलीको नियम ८६क. मा संशोधनः** मूल नियमावलीको नियम ८६क. को उपनियम (१) को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-

"(घ) प्रतिनिधि, त्रिभुवन विश्वविद्यालय -सदस्य"

१९. **मूल नियमावलीको नियम ९६ मा संशोधनः** मूल नियमावलीको नियम ९६ को,-

(१) शीर्षकको सट्टा देहायको शीर्षक राखिएको छः-

"तालीम व्यवस्थापन तथा समन्वय समितिको गठन"

(२) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) शिक्षकहरूको तालीम सम्बन्धी प्रशासन, निरीक्षण मूल्याङ्कन, व्यवस्थापन गर्न तथा विभिन्न तालीममा समन्वय गर्नको लागि मन्त्रालयले देहायका सदस्यहरू रहेको एक तालीम व्यवस्थापन तथा समन्वय समिति गठन गर्नेछः-



१४०८

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) मन्त्रालयले तोकेको व्यक्ति - अध्यक्ष
(ख) विशेष सचिव, शिक्षा मन्त्रालय - सदस्य
(ग) विश्वविद्यालयका डीनहरू मध्येबाट मन्त्रालयबाट मनोनीत एकजना डीन - सदस्य
(घ) सह-सचिव, शिक्षा मन्त्रालय -सदस्य
(ङ) शिक्षकहरूको तालीम संचालन गर्ने सम्बन्धी संस्थाहरू मध्येबाट मन्त्रालयबाट मनोनीत एकजना - सदस्य
(च) प्रमुख, शैक्षिक जनशक्ति विकास केन्द्र - सदस्य
(छ) उप-सचिव, तालीम शाखा, शिक्षा मन्त्रालय - सदस्य-सचिव

(३) उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छः-
"(१क) उपनियम (१) बमोजिम मनोनीत सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ ।"

२०. <u>मूल नियमावलीको नियम ११२ मा संशोधनः</u> मूल्य नियमावलीको नियम ११२ को,-

(१) उपनियम (१) को खण्ड (ख) पछि देहायको खण्ड (ग) थपिएको छः-
"(ग) साक्षरोत्तर सम्बन्धी अन्य कार्यक्रमहरू ।"

(२) उपनियम (२) मा रहेका "खण्ड (क) र (ख)" भन्ने शब्दहरूको सट्टा "खण्ड (क), (ख) र (ग)" भन्ने शब्दहरू राखिएका छन् ।

२१. <u>मूल नियमावलीको नियम ११३ मा संशोधनः</u> मूल नियमावलीको नियम ११३ कोसट्टा देहायको नियम ११३ राखिएको छ :-

"११३. <u>अनौपचारिक शिक्षा कार्यक्रम संचालन गर्न स्वीकृति लिनु पर्नेः</u> (१) कुनै व्यक्ति वा संस्थाले अनौपचारिक शिक्षा कार्यक्रम संचालन गर्न चाहेमा स्वीकृतिको लागि सम्बन्धित जिल्लाको जिल्ला शिक्षा अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ। 1805

(२) उपनियम (१) बमोजिमको कुनै निवेदन पर्न आएमा जिल्ला शिक्षा अधिकारीले सो निवदेनका सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा निवेदकलाई अनौपचारिक शिक्षा कार्यक्रम संचालन गर्न स्वीकृति दिन हुने देखिएमा आवश्यक शर्तहरू तोकी स्वीकृति दिनेछ ।"

२२. <u>मूल नियमावलीको नियम ११७ मा संशोधनः</u> मूल नियमावलीको नियम ११७ को,-

(१) उपनियम (१) को खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छ :-

"(च) जिल्ला शिक्षा अधिकारीले तोकेको स्थानीय वित्तीय संस्थाको प्रतिनिधि - सदस्य"

(२) उपनियम (२) मा रहेको "विकास" भन्ने शब्द झिकिएको छ ।

२३. <u>मूल नियमावलीको नियम १४३ मा संशोधनः</u> मूल नियमावलीको नियम १४३ को उपनियम (२) मा रहेका "मन्त्रालयको निवृत्तभरण सम्बन्धी काम गर्ने शाखामा" भन्ने शब्दहरूको सट्टा "शिक्षक किताबखानामा" भन्ने शब्दहरू राखिएका छन् ।

२४. <u>मूल नियमावलीमा नियम १४३क. थपः</u> मूल नियमावलीको नियम १४३ पछि देहायको नियम १४३क. थपिएको छः-

"१४३क. <u>प्रमाणपत्र छानबीन समिति गठन गर्न सक्नेः</u> (१) विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको शैक्षिक लगायत अन्य प्रमाणपत्रको सम्बन्धमा छानबीन गर्न आवश्यक देखेमा मन्त्रालयले जिल्लास्तरमा देहायका सदस्यहरू रहेको प्रमाणपत्र छानबीन समिति गठन गर्न सक्नेछ :-

(क) प्रमुख जिल्ला अधिकारी -अध्यक्ष

(ख) जिल्ला सरकारी अधिवक्ता -सदस्य

(ग) जिल्ला शिक्षा अधिकारी -सदस्य-सचिव

(२) प्रमाणपत्र छानबीन समितिले शैक्षिक प्रमाणपत्र लगायतका



१४९०
अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अन्य प्रमाणपत्रहरू छानबीन गरी आफ्नो राय ठहर सहितको प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(३) प्रमाणपत्र छानबीन समितिले जिल्ला स्थित कुनै कार्यालयका कर्मचारीलाई सो कार्यालयको स्वीकृति लिई आफ्नो काममा लगाउन सक्नेछ ।

(४) प्रमाणपत्र छानबीन समितिको सचिवालयको काम जिल्ला शिक्षा कार्यालयले गर्नेछ ।

(५) प्रमाणपत्र छानबीन समितिको अन्य काम, कर्तव्य, अधिकार तथा कार्यविधि मन्त्रालयले तोकिदिए बमोजिम हुनेछ ।

(६) प्रमाणपत्र छानबीन समितिका सदस्यहरूले बैठकमा भाग लिए वापत मन्त्रालयले तोके बमोजिमको भत्ता पाउनेछन् ।"

२५. **मूल नियमावलीको अनुसूचीमा संशोधनः** मूल नियमावलीको अनुसूचीको,-

(१) अनुसूची-१ को खण्ड (२) को उपखण्ड (क) मा रहेका "अधिकतम ३" र "अधिकतम ५" भन्ने शब्दहरू झिकिएका छन् ।

(२) अनुसूची-२ को,-

(क) खण्ड (क) मा रहेका "अधिकतम ३" भन्ने शब्दहरू झिकिएका छन् ।

(ख) खण्ड (ख) मा रहेको "अधिकतम ५" भन्ने शब्दहरू झिकिएका छन् ।

(३) अनुसूची-६ को नवौं हरफमा रहेका "तृतीय श्रेणीका" भन्ने शब्दहरू झिकिएका छन् ।

(४) अनुसूची-७ को,-

(क) क्रमसंख्या ५ मा रहेका "५८ वर्ष" भन्ने शब्दहरूको सट्टा "६० वर्ष" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) क्रमसंख्या १२ र १७ झिकिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। १५११

(ग) क्रमसंख्या १८ को सट्टा देहायको क्रमसंख्या १८ राखिएको छः-

"१८. श्री ५ महाराजाधिराज सरकारबाट बक्सेको विभूषण, राष्ट्रिय शिक्षा समिति वा जिल्ला शिक्षा समितिबाट पाएको प्रशंसापत्र वा नगद पुरस्कारको विवरणः-

| विभूषण, प्रशंसापत्र वा नगद पुरस्कारको नाम तथा विवरण | विभूषण, प्रशंसापत्र वा नगद पुरस्कार पाएको मिति | नगद पुरस्कार पाएको भए के कति | कहाँबाट पाएको | प्रमाणित गर्ने अधिकृतको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

(५) अनुसूची-८ को खण्ड (५) को ठाउँ-ठाउँमा रहेको "कार्यालय" भन्ने शब्दको सट्टा "विद्यालय" भन्ने शब्द राखिएको छ ।

२६. **खारेजीः** मूल नियमावलीको नियम ८१ खारेज गरिएको छ ।

आज्ञाले,
**खेमराज रेग्मी**
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।